# आ. व.२०७६/७७ को प्रथम पाँच महिना (श्रावण-मार्ग) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

भंसार विभागबाट प्राप्त प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०७६/७७ को प्रथम पाँच महीनाको अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.४ प्रतिशतले ह्रास आई रु.६२८.८७ अर्बमा सीमित हुन पुगेको छ। कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ७.६ प्रतिशत र ९२.४ प्रतिशत रहेको छ। समीक्षा अवधिमा नेपालको कुल निकासी २७.० प्रतिशतले वृद्धि भई रु ४७.६२ अर्व तथा कुल पैठारीमा ४.२ प्रतिशतले ह्रास आई रु. ५८१.२६ अर्बमा सीमित भएको छ। आ.व. २०७५/७६ को प्रथम पाँच महीनाको अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१६.२ रहेकोमा आ.व. २०७६/७७ को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१२.२ रहन आएको छ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा पाम आयल, पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, भटमासको तेल, तयारी पोशाक, जुट तथा जुटका सामानहरु, अलैंची, जुस, चिया, कपडा, फलाम तथा स्टील, फेल्ट र पश्मिना सल प्रमुख रुपमा रहेका छन्। समीक्षा अवधिमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा पाम आयलको निर्यातमा ७५६.१ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ५२ करोड पुगेको छ। पोलिष्टर तथा अन्य धागोमा ५.१ प्रतिशतले ह्रास आई रु. ३.६२ अर्बमा सीमित भएको छ। ऊनी गलैंचाको निर्यातमा २.५ प्रतिशतले ह्रास आई रु. ३.२२ अर्वमा सीमित रहेको छ। भटमासको तेलको निर्यातमा २७७३.४ प्रतिशतले वृद्धि भई ३.०९ अर्ब पुगेको छ। तयारी पोशाकको निर्यातमा ०.६ प्रतिशतले ह्रास आई रु. २.९९ अर्वमा सीमित भएको छ। जुट तथा जुटका उत्पादनको निर्यातमा १४.३ प्रतिशतले वृद्धि भई रु २.४२ अर्ब पुगेको छ। फलाम तथा स्टील र तिनका उत्पादनहरुको निर्यातमा ५६.३ प्रतिशतले ह्रास आई रु. १.३४ अर्बमा सीमित भएको छ।

यसै गरी समीक्षा अवधिमा १.५७ अर्बको जुस, रु. १.४५ करोडको चिया, रु. १.४१ अर्बको टेक्सटाइल, रु १.८६ अर्वको अलैंची, रु. १.०६ अर्ब पश्मिना सल, रु. १.१७ अर्बको फेल्ट, रु. ५१ करोडको जडिबुटी निकासी भएको देखिन्छ।

***चालु आर्थिक वर्षको प्रथम पाँच महीनामा पाम आयल र भटमासको तेलको निर्यात उत्साहजनक देखिएको छ। ती वस्तुहरुको हिस्सा नेपालको कुल निर्यातमा क्रमशः २४.२ प्रतिशत र ६.५ प्रतिशत रहेको छ। समीक्षा अवधिमा कच्चा पाम आयलको आयातमा २०३.४ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ९५ करोड पुगेको छ। चालु आर्थिक वर्षको प्रथम पाँच महिनामा कच्चा भटमासको तेलको आयातमा २३.१ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ६२ करोड रहेको छ।***

नेपालको निकासी व्यापारमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, युके, टर्की, चीन, बंगलादेश, फ्रान्स, ,जापान, इटाली, क्यानडा, अष्ट्रेलिया, स्वीट्जरलेण्ड आदि प्रमुख रुपमा रहेका छन् ।

पैठारीतर्फ समग्रमा आ.व. २०७६/७७ को प्रथम पाँच महीनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थको आयात १३.५ प्रतिशतले ह्रास आई रु. ७६.१४ अर्ब मा झरेको छ। यसै गरी समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा २५.३ प्रतिशतले ह्रास आई रु. ५४.७४ अर्ब, मशिनरी तथा पार्ट्समा २.६ प्रतिशतले ह्रास आई रु. ४७.१२ अर्ब, यातायातका साधन र तिनका पार्टपुर्जामा ६.३ ह्रास आई रु. ४१.३५ अर्ब, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा २६.७ प्रतिशतले वृद्धि भई रु. २९.४३ अर्ब, अन्नको आयातमा ५.३ प्रतिशतले ह्रास आई २०.२२ अर्ब, हवाईजहाज तथा हवाईजहाजका पार्ट्सको आयातमा २१.३ प्रतिशतले ह्रास आई रु १४.३८ अर्ब, तयारी पोशाकको आयातमा ४.३ प्रतिशतले वृद्धि भई रु १७.१८ अर्ब पुगेको छ । सुनको आयातमा ६०.४ प्रतिशतले ह्रास आई ६.९० अर्ब सीमित भएको छ। यसै गरी औषधीको आयातमा ८.८ प्रतिशतले ह्रास आई रु. १३.२७ अर्ब पुगेको छ। पोलिथिन ग्रेन्युल्सको आयातमा १३.२ प्रतिशतले ह्रास आई रु. ९.०९ अर्बमा सीमित भएको छ। समीक्षा अवधिमा रु. १०.८९ अर्ब बराबरको रासायनिक मल र रु. १.७३ अर्ब बराबरको सिमेन्ट क्लिङ्कर पनि आयात भएको देखिन्छ। दुरसञ्चारका सामाग्रीहरुको आयातमा ३५.२ प्रतिशतले वृद्धि भई रु. १६.३७ अर्ब पुगेको छ ।

नेपालको पैठारी व्यापारमा भारत, चीन, इण्डोनेशिया, युएई, संयुक्त राज्य अमेरिका, क्यानडा, स्वीट्जरलेण्ड, द. अफ्रिका, थाइलेण्ड, साउदी अरेविया, अर्जेन्टिना, द. कोरिया, युक्रेन, फ्रान्स प्रमुख रुपमा रहेका छन् ।

समीक्षा अवधिमा समग्र निकासीमा उल्लेख्य रुपमा सुधार तथा आयातमा भएको ह्रास सँगै व्यापारघाटामा ६.३ प्रतिशतले ह्रास आई नेपालको कुल व्यापारघाटा रु. ५३३.६४ अर्बमा सीमित भएको छ।